# रतुवामाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## सिजुवा, मोरङ
### कोशी प्रदेश , नेपाल

**भरोट बालुवा संकलन तथा विक्री सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।**

(प्रथम पटक प्रकाशित मिति : २०८१/०६/०६)

(दोश्रो पटक प्रकाशित मिति : २०८१/०७/०८)

(तेश्रो पटक प्रकाशित मिति : २०८१/१०/१४)

स्थानीय सरकार सञ्चालन ऐन– २०७४ को दफा ६२ (क) मा व्यवस्था भए बमोजिम यस रतुवामाई नगरपालिका नगर कार्यपालिकाको कार्यालयको निर्णय अनुसार तपशिलमा उल्लेखित नदि /खोलाहरुको स्वीकृत घाटहरुवाट निर्धारित मापदण्ड बमोजिम नदिजन्य पदार्थ उत्खनन गरि तोकिएको दरमा विक्री गर्ने गरि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र मुल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/०८१ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपिहरु संलग्न गरि तपशिल बमोजिमका शर्तहरुको अधिनमा रहि दरभाउपत्र प्रक्रियामा सहभागि हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>तपशिल :</u>

| क्र.सं | विवरण | ठेक्का नं | ठेक्का अवधी | न्युनतम वार्षिक अंक (मु.अ.कर बाहेक) | दरभाउपत्र खरिद दस्तुर | दरभाउपत्र जमानत | दरभाउपत्र फारम खरिद गर्ने अन्तिम मिति र समय | दरभाउपत्र फारम दाखिला गर्ने अन्तिम मिति र समय | दरभाउपत्र फारम खोल्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | रतुवामाई १० अवस्थित रतुवा खोलाको सातमेडी घाट | रतुवामाई रा/०१/२०८१/०८२ | १ वर्ष | १,८६,४६१।६२ | १,००० | ५२०० | २०८१/१०/२८ गते कार्यालय समय भित्र | २०८१/१०/२९ गते दिनको १२:०० बजे | २०८१/१०/२९ गते दिनको १:०० बजे |
| २ | रतुवामाई ८ अवस्थित रतुवा खोलाको झुनाबारी घाट | रतुवामाई रा/०२/२०८१/०८२ | १ वर्ष | १,४५,३८३।५६ | १,००० | ४०६० | २०८१/१०/२८ गते कार्यालय समय भित्र | २०८१/१०/२९ गते दिनको १२:०० बजे | २०८१/१०/२९ गते दिनको १:०० बजे |
| ३ | रतुवामाई ८ अवस्थित रतुवा खोलाको भुल्काडुब्बा घाट | रतुवामाई रा/०३/२०८१/०८२ | १ वर्ष | ५९,०४६।१८ | १,००० | १६५० | २०८१/१०/२८ गते कार्यालय समय भित्र | २०८१/१०/२९ गते दिनको १२:०० बजे | २०८१/१०/२९ गते दिनको १:०० बजे |
| ४ | रतुवामाई ७ अवस्थित रतुवा खोलाको डाँगीटोल घाट | रतुवामाई रा/०५/२०८१/०८२ | १ वर्ष | ८४,७५५।२८ | १,००० | २३०० | २०८१/१०/२८ गते कार्यालय समय भित्र | २०८१/१०/२९ गते दिनको १२:०० बजे | २०८१/१०/२९ गते दिनको १:०० बजे |
| ५ | रतुवामाई १० अवस्थित सोमबारे पश्चिम बक्राहा खोलाको घाट | रतुवामाई रा/०७/२०८१/०८२ | १ वर्ष | १,२८,१४९।९९ | १,००० | ३५०० | २०८१/१०/२८ गते कार्यालय समय भित्र | २०८१/१०/२९ गते दिनको १२:०० बजे | २०८१/१०/२९ गते दिनको १:०० बजे |
| ६ | रतुवामाई ९ अवस्थित लक्ष्मी चौक पश्चिम बक्राहा खोलाको सुतिहा टोल घाट | रतुवामाई रा/०८/२०८१/०८२ | १ वर्ष | ९५,७१६।९७ | १,००० | २६०० | २०८१/१०/२८ गते कार्यालय समय भित्र | २०८१/१०/२९ गते दिनको १२:०० बजे | २०८१/१०/२९ गते दिनको १:०० बजे |
| ७ | रतुवामाई ९ अवस्थित सुरेन्द्र कुथुमीको घर पश्चिम बक्राहा खोलाको घाट | रतुवामाई रा/०९/२०८१/०८२ | १ वर्ष | ५८,१४२।१३ | १,००० | १६०० | २०८१/१०/२८ गते कार्यालय समय भित्र | २०८१/१०/२९ गते दिनको १२:०० बजे | २०८१/१०/२९ गते दिनको १:०० बजे |

# रतुवामाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिजुवा, मोरङ
कोशी प्रदेश , नेपाल

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ८ | रतुवामाई ९ अवस्थित ईटहरा पश्चिम बक्राहा खोलाको मुक्तीघाट | रतुवामाई रा/१०/२०८१ /०८२ | १ वर्ष | १,०७,१३०।६७ | १,००० | ३००० | २०८१/१०/२८ गते कार्यालय समय भित्र | २०८१/१०/२९ गते दिनको १२:०० बजे | २०८१/१०/२९ गते दिनको १:०० बजे |
| ९ | रतुवामाई ५ अवस्थित बक्राहा खोलाको मल्दैयाटोल घाट | रतुवामाई रा/११/२०८१ /०८२ | १ वर्ष | १,०१,३६७।३२ | १,००० | २८०० | २०८१/१०/२८ गते कार्यालय समय भित्र | २०८१/१०/२९ गते दिनको १२:०० बजे | २०८१/१०/२९ गते दिनको १:०० बजे |
| १० | रतुवामाई ४ अवस्थित बक्राहा खोलाको काठगडा घाट | रतुवामाई रा/१२/२०८१ /०८२ | १ वर्ष | ४०,९६५।०६ | १,००० | ११५० | २०८१/१०/२८ गते कार्यालय समय भित्र | २०८१/१०/२९ गते दिनको १२:०० बजे | २०८१/१०/२९ गते दिनको १:०० बजे |
| ११ | रतुवामाई ५ अवस्थित बक्राहा खोलाको रतिलाल टोल पश्चिम घाट | रतुवामाई रा/१३/२०८१ /०८२ | १ वर्ष | २,८२,५५८।७२ | १,००० | ७८०० | २०८१/१०/२८ गते कार्यालय समय भित्र | २०८१/१०/२९ गते दिनको १२:०० बजे | २०८१/१०/२९ गते दिनको १:०० बजे |
| १२ | रतुवामाई ५ अवस्थित बक्राहा खोला लेटी सुकुम्बासी बस्ती पश्चिम घाट | रतुवामाई रा/१५/२०८१ /०८२ | १ वर्ष | १,८६,४८८।७६ | १,००० | ५२०० | २०८१/१०/२८ गते कार्यालय समय भित्र | २०८१/१०/२९ गते दिनको १२:०० बजे | २०८१/१०/२९ गते दिनको १:०० बजे |
| १३ | रतुवामाई १ अवस्थित बक्राहा खोलाको नारायणडाँडा घाट | रतुवामाई रा/१६/२०८१ /०८२ | १ वर्ष | ५६,५११।७६ | १,००० | १५०० | २०८१/१०/२८ गते कार्यालय समय भित्र | २०८१/१०/२९ गते दिनको १२:०० बजे | २०८१/१०/२९ गते दिनको १:०० बजे |

**शर्तहरु :**

१. दरभाउपत्र फारम दस्तुर रु. १०००।०० (एक हजार मात्र) नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि. सिजुवा शाखामा रहेको आन्तरीक राजश्व खातामा कनेक्ट आइ.पी.एस मार्फत वा Local Level Revenue Portal मा User ID Create गरी Ga 1.1 Ratuwamai Na.Pa Aantarik Rajasho Khata नं. ०९७०१४००००००९३ मा जम्मा गरी वा यस कार्यालयको राजश्व खातामा रसिद काटेर शिलबन्दी दरभाउपत्र खरिद वापतको दस्तुर जम्मा गरी दरभाउपत्र फारम खरिद गर्न सकिनेछ ।

२. शिलबन्दी दरभाउपत्र फारम दर्ता भएको दिन, दिनको १:०० बजे यस कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाताको प्रतिनिधिको रोहवरमा उल्लेखित मिति र समयमा खोलिनेछ । उक्त समयमा दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न यस कार्यालयलाई कुनै वाधा पर्ने छैन ।

३. दरभाउपत्र पेश गर्दा उल्लेखित रकम वरावरको धरौटी वापतको रकम यस कार्यालयको रतुवामाई नगरपालिका सिजुवा स्थित नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि. मा रहेको धरौटी खाता नं. ०९७०१४०००००३१ मा नगदै जम्मा गरेको सक्कल भौचर वा पेश गर्ने अन्तिम मितिवाट ७५ दिन मान्य अवधि भएको नेपाल सरकारवाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकहरुले वा इजाजत प्राप्त बितिय संस्थाले जारी गरेको (सम्बन्धीत कार्यको नाम तथा ठेक्का नम्बर उल्लेख भएको) बैक ग्यारेण्टी संलग्न गरि पेश गनुपर्नेछ ।

४. दरभाउपत्रदाताले आफुले कबोल गरेको ठेक्काको रकम अंक र अक्षरमा स्पष्ट रुपमा लेखि छाप लगाई पेश गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । दरभाउपत्र खरिद गर्ने वा पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य लगत्तै कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. दरभाउपत्र स्वीकृत भई सम्झौता गर्न आउने जानकारी पाएको ७ (सात) दिन भित्र सम्झौता गर्न नआएमा प्रचलित कानून अनुसार हुनेछ ।

६. ठेक्का सम्झौताको समयमा दरभाउपत्रदाताले पहिलो किस्ता वापत कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम र कबोल अंकको १३ प्रतिशत मुल्य अभिबृद्धि कर (भ्याट) यस कार्यालयको नेपाल इन्भेस्टमेन्ट मेगा बैंक सिजुवा शाखामा रहेको नपा स्थानीय तह विभाजिय कोष खाता नं. ग– ६– १, ०९७०१४००००००८६ मा जम्मा गनुपर्नेछ ।

७. दरभाउपत्रदाताले सम्झौता समयमा कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ठ बुझाउन सक्नेछ ।

८. दरभाउपत्रदाताले सम्पूर्ण रकम एकमुष्ठ रुपमा नबुझाई किस्ता वन्दीको रुपमा बुझाउने भएमा ठेक्का सम्झौता हुँदा बुझाएको रकम वाहेक कबोल अंकको वाँकी रहेको रकम नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि. मा रहेको धरौटी खाता नं. ०९७०१४००००००३१ मा नगदै जम्मा गनुपर्नेछ । नगदै जम्मा नगरेमा उक्त रकम वरावरको नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकले जारी गरेको २०८२ असार मसान्त सम्म मान्य अवधि भएको बैंक ग्यारेण्टी पेश गनुपर्नेछ ।

९. यस कार्यको ठेक्का अवधि २०८२ जेठ मसान्त सम्मको लागि मात्र रहनेछ ।

१०. ठेक्का सम्झौता भई सकेपछि कुनै बन्द हडताल वा अन्य कुनै कारणवाट ठेक्का रकममा कुनै प्रकारको छुट मिनाहा माफी दिईने छैन ।

११. भरौटको संकलन र विक्री शुल्क कोशी प्रदेश सरकारको आर्थिक ऐन २०७६ को अनुसूचि– ५ बमोजिम हुनेछ साथै संकलन गर्ने कार्य विहान सूर्योदय देखि साँझ सूर्यास्त सम्म मात्र हुनेछ ।

१२. दरभाउपत्र कबोल गर्ने ब्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क वापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३ प्रतिशत मूल्य अभिबृद्धि कर (भ्याट) समेत यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर दरभाउपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

१३. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा ठेक्का नै रद्ध गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१४. तोकिएको म्याद भित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरि नियमानुसार दरभाउपत्र बन्दोवस्त गरिनेछ । यस नगरपालिकाका नदि/खोला उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४, सोसँग सम्बन्धित अन्य प्रचलित नियम कानून तथा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयवाट गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन यस दरभाउपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

१५. यो सूचनामा उल्लेख भएको हकमा यसै बमोजिम र अन्यको हकमा प्रचलित ऐन नियम तथा नगरपालिकाको निर्णय अनुसार हुनेछ । यस कार्य सम्बन्धि कुनै कुरा संशोधन गर्नुपर्ने वा सच्याउनु पर्ने भएमा कार्यालयको वेभसाईट www.ratuwamaimun.gov.np वा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।